निर्णय नं.१

बारबर्दिया नगरपालिकाको चालु आर्थिक बर्ष २०८१-०८२ को हाल सम्मको बित्तीय तथा भौतिक प्रगति प्रतिवेदन सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

निर्णय नं.२

स्थानीय सरकार संचालन ऐन २०७४ को परिधीमा रहि गठित सार्वजनिक लेखा समितिको मिति २०८१-०९-१९ गते बसेको बैठकमा छलफल भई प्रतिवेदन तयार गर्ने प्रावधान अनुरुप प्रचलित कानूनको रित पुर्याउनुपर्नेमा सो रित नपुगि अनियमित भएको तर सरकारी हानि नोक्सानि नभएको व्यहोराका सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ बमोजिम नियमित गरि सम्परिक्षणका लागि महालेखापरिक्षकको कार्यालयमा लेखि पठाउने निर्णयार्थ पेश भएको प्रस्ताव उपर छलफल गरि सर्वसम्मतरुपमा अनुमोदन गरियो ।

निर्णय नं.३

बारबर्दिया नगरपालिका लगायत मातहतका वडा समेतको नक्सा सिमाङ्कनमा समस्या देखिएकाले नक्सा सिमाङ्कन सुधारका लागि लुम्बिनी प्रदेश सरकारसमक्ष सिफारिसका साथ अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४

बारबर्दिया नगरपालिका,मातहतका वडाकार्यालय, स्वास्थ्य संस्थाहरु समेतमा कार्यरत स्थायी, अस्थायी, ज्यालादारी सम्पुर्ण कर्मचारीहरुलाई कर्मचारी प्रोत्साहन भत्ता र फिल्ड भत्ता शिर्षकबाट खर्च व्यहोर्ने गरि मासिक रु १०००।– का दरले खाजाभत्ता प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५

वारबर्दिया नगरपालिका अन्तरगत रहेका मुल बडघरहरुलाई मासिक रु ५००।– ( अक्षरुपि पाँच सय) का दरले संचार खर्च उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६

बारबर्दिया नगरपालिकाको आर्थिक अवस्था, आर्थिक व्ययभार, बिषम परिस्थिती, विकासको आवश्यकतालाई मध्यनजर गरि पदाधिकारिले पाउँदै आएको कार्यपालिका वैठक भत्ता र वडापालिका वैठक भत्ता मिति २९८१-१०-०१ देखि लागुहुने गरि खारेज गर्ने निर्णय पारित गरियो ।

नगर प्रमुख

निर्णय नं.७

बारबर्दिया नगरपालिकाका कर्मचारीहरुले पाउदै गरेको मासिक ईन्धनलाई कटौति गरेकोमा सो अनुसुचिलाई संशोधन गरि साविकमा कर्मचारीले पाउदै गरेको मासिक ८ लिटर ईन्धनलाइ यथावत राख्ने निर्णय पारित गरियो ।

निर्णय नं.८

बारबर्दिया नगरपालिकाको आर्थिक अवस्था, आर्थिक व्ययभार, बिषम परिस्थिती, विकासको आवश्यकतालाई मध्यनजर गरि कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०७६ मिति २०८१ माघ १ गतेदेखि लागुहुने खारेज गरियो साथै बारबर्दिया नगरपालिकामा कार्यरत फिल्डमा खटिने देहाय बमोजिम प्रविधिक कर्मचारीहरुलाई कर्मचारी प्रोत्साहन भत्ता र फिल्ड भत्ता शिर्षकबाट ब्यहोर्ने गरि तपशिल बमोजिम फिल्ड भत्ता प्रदान गर्ने निर्णय पारित गरियो;

(क) ईन्जिनियर – मासिक रु.१५,०००।–

(ख) सव-ईन्जिनियर – मासिक रु १०,०००।–

(ग) असिष्टेन्ट सव ईन्जिनियर – मासिक रु ८,०००।–

निर्णय नं.९

वडा कार्यालयले विनियोजन गरि ठेक्का पट्टा भएको योजना ठेक्का पट्टाबाट कम कबोल भई बचत बजेट सोही वडा कार्यालयको सिफारिसका आधारमा सोही वडामा खर्च गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०

बारबर्दिया नगरपालिकाको चालु आर्थिक बर्ष २०८१-०८२ को आर्थिक ऐन २०८१ सम्बन्धी संशोधन प्रस्ताव उपर छलफल गरि सर्वसम्मतरुपमा अनुमोदन गरियो ।

नगर प्रमुख

नगर प्रमुख

निर्णय नं.११

बारबर्दिया नगरपालिकाको बिषयगत शाखा, वडाहरुतर्फ ,नगरतर्फका योजना, आयोजना बजेट तथा कार्यक्रम सम्बन्धी संशोधन प्रस्ताव उपर छलफल गरि सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

नगर प्रमुख

निर्णय नं.१२

बारबर्दिया नगरपालिका कार्यालय जयनगर बर्दिया बादी कल्पना कन्सट्रक्सन समेत प्रतिवादी भएको सम्झौता बमोजिमको रकम दिलाई पाउ भनि श्री बर्दिया जिल्ला अदालतमा दायर भएको मुद्धा हाल बिचाराधिन अवस्थामा रहेकोमा प्रतिवादी कल्पना कन्सट्रक्सनले बारबर्दिया नगरपालिका कार्यालयलाई बुझाउनुपर्ने राजश्व रकम रु २३,६०,०००।–( अक्षरुपि तेईस लाख साठि हज़ार रुपिया) बारबर्दिया नगरपालिका कार्यालयको खातामा दाखिला गरिसकेको हुदाँ व्याजको हकमा दाबिछोडि ( माफि मिनाहा) मिलापत्र गर्ने निर्णय पारित गरियो ।